# स्थानीय निकाय अनुदान रकम सञ्चालन निर्देशिका

गाउँ विकास समिति अनुदान कार्यक्रम सञ्चालन ९संशोधन० निर्देशिका, २०५५

नगरपालिका अनुदानअन्तर्गत रकम खर्च गर्ने निर्देशिका, २०५७

जिल्ला विकास समिति अनुदान निर्देशिका, २०५७

**श्री ५ को सरकार**

**स्थानीय विकास मन्त्रालय**

**पुल्चोक, ललितपुर**

# विषयसूची


१. गाउँ विकास समिति अनुदान कार्यक्रम सञ्चालन (संशोधन) निर्देशिका, २०५५ १

२. नगरपालिका अनुदान अन्तर्गत रकम खर्च गर्ने निर्देशिका, २०५७ २३

३. जिल्ला विकास समिति अनुदान निर्देशिका, २०५७ २६


---

*नोटः- गाउँ विकास समिति अनुदान कार्यक्रम सञ्चालन निर्देशिकाका हकमा बोल्ड (कालो) गरिएका अक्षरहरुले हाल भएको संशोधनलाई जनाउदछ ।*

# गाउँ विकास समिति अनुदान कार्यक्रम संचालन (संशोधन) निर्देशिका २०५५५

## 1. परिचय

**स्थानीय स्वायत्त शासन ऐन, २०५५ का सिद्धान्त तथा नीतिहरूलाई गाउँ विकास समितिमा प्रभावकारी रूपले कार्यान्वयन गर्न, गाउँ विकास समिति अनुदान कार्यक्रमलाई योजनाबद्ध रूपमा व्यवस्थित गर्न गराउन, र गाउँ विकास समितिको संस्थागत क्षमता अभिवृद्धि गर्न स्थानीय निकायको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले सोही ऐनको दफा २३६(२) को अधिकार प्रयोग गरी यो निर्देशिका तर्जुमा गरी लागू गरिएको छ।**

## 2. उद्देश्य

१. **स्वायत्त शासनको जग मजबुत बनाई गरिबी निवारणमा सघाउ पुऱ्याउन, गाउँ विकास समितिको संस्थागत विकास गर्न,**

२. **सामाजिक परिचालनका माध्यमबाट दिगो विकासमा बढावा दिँदै स्थानीय श्रम, स्रोत र साधनको परिचालन गरी स्थानीय जनतालाई बढी से बढी सुविधा प्रदान गर्न,**

३. **सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासको माध्यमबाट गाउँ विकास समितिहरूलाई आत्मनिर्भर गराउन,**

४. **स्थानीय निकायको संस्थागत विकासका लागि मानवीय संशाधन तथा क्षमता अभिवृद्धिका साथै स्थानीय नेतृत्व विकासका कार्यक्रम सञ्चालन गर्न, गराउन,**

५. **सम्पन्न आयोजनाहरूको मर्मतसंभार गरी विकासको प्रतिफललाई निरन्तरता दिन,**

६. **गाउँ विकास समितिहरूको आयको क्षेत्र विस्तार गर्न, आयव्ययलाई पारदर्शी गराउन र समयमा नै लेखापरीक्षण गराउने पद्धति बसाल्न।**

## 3. गाउँ विकास समिति अनुदान कार्यक्रमको संचालन

**स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६ को व्यवस्था बमोजिम आवधिक र वार्षिक योजना तर्जुमा गरी परिषद्बाट पारित भएअनुसार गाउँ विकास समितिले कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।**

## 4. गाउँ विकास समिति अनुदान कार्यक्रम तर्जुमा

### ४.१ गाउँको वस्तुगत विवरण तथा आवधिक योजना तयार गर्नुपर्ने

क) गाउँ विकास समितिले आफ्नो गाउँ विकास क्षेत्रको वस्तुगत विवरण (भिलेज प्रोफाइल) तथा आवधिक योजना तयार गर्नुपर्नेछ। यस्तो विवरण प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्नेछ।

ख) यस्तो विवरणको आधारमा गाउँ विकास समितिले आफ्नो क्षेत्रको विकासको सम्भावना र सीमा (Limitation) हरूको विश्लेषण गरी गाउँ परिषदमा पेश गर्नुपर्नेछ।

### ४.२ आयोजना प्रस्ताव पेश गर्नुपर्ने

क) उपभोक्ता समूह, वडा समिति, गैरसरकारी संघ-संस्थाहरु र अन्य निकायहरुले स्थानीय आवश्यकतालाई पहिचान गरी आयोजना प्रस्तावहरु अनुसूची-१ को ढाँचामा गाउँ विकास समितिमा पेश गर्नेछन्।

ख) योजना तर्जुमा गर्दा **स्थानीय स्वायत्त शासन ऐनको दफा ४३ को उपदफा (३) र (६) मा उल्लेख भएका** कुराहरुलाई ध्यान दिनुपर्नेछ। **थप देहायका कुराहरूमा पनि योजना तर्जुमा समयमा ध्यान पुऱ्याउनु पर्नेछः**

अ) स्थानीय बजारको विकासमा टेवा पुऱ्याउने खालका आयोजनाहरु।

आ) न्यून आय वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरु।

इ) बढीभन्दा बढी स्थानीय सीप, साधन, प्रविधि र जनसहभागिता परिचालन हुने आयोजनाहरु।

ई) स्वास्थ्य र वातावरण पक्षलाई संरक्षण र सम्बर्द्धन गर्ने किसिमका आयोजनाहरु।

उ) वृद्धहरुको हित र कल्याणका लागि संचालन गरिने आयोजनाहरु।

ऊ) बाटोघाटो, खानेपानी र भू-क्षय नियन्त्रण जस्ता आयोजनाहरु ।

ए) स्थानीय स्रोतसाधनले धान्न सक्ने गरी दिगो र स्थायी हुने खालका आयोजनाहरु।

ऐ) गैरसरकारी संस्थाको जिम्मेवारीमा समूहमा आयआर्जन गर्ने खालका आयोजनाहरु।

ओ) गाउँ विकास समितिको भवन नभएका गाउँ विकास समितिमा गाउँ विकास समितिको भवन निर्माण गर्ने आयोजना।

ग) आयोजनाको प्रस्तावहरु पेश गर्न गाउँ विकास समितिले कम्तीमा १५ दिनको समय दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

घ) यस्तो प्रस्ताव पेश गर्दा प्रस्तावकहरु आफूले परिचालन गर्ने जनसहभागिताको किसिम तथा परिमाण र आयोजनाको संचालन एवं मर्मत सम्भार सम्वन्धी व्यवस्था स्पष्ट रुपले खुलाउनु पर्नेछ ।

ङ) स्थानीय महिलाले नै सृजना गरी कार्यान्वयनमा उनीहरु प्रत्यक्ष रुपमा संलग्न रही लाभान्वित हुने **कम्तिमा** एक कार्यक्रम समावेश भएको हुनुपर्नेछ ।

## ४.३ प्रस्तावहरुको सूची र सम्भाव्यता अध्ययन

क) आफ्नो क्षेत्रको विकास सम्भावना र सीमाहरु समेतको आधारमा गाउँ विकास समितिले प्राप्त गरेका आयोजना प्रस्तावहरु, अन्य गाउँ विकास समिति/ जिल्ला विकास समिति वा निकायहरुसँग मिलेर आपसी लाभ हुने आयोजनाहरु र अन्य उपयुक्त देखिएका आयोजनाहरुको सूची तयार गरी सम्भाव्यता हेर्नेछ ।

ख) सम्भाव्य देखिएका आयोजनाहरुको गाउँ विकास समितिले स्वरुप, अनुमानित लागत (डिजाइन, इष्टिमेट) र कार्यान्वयन तालिका प्राविधिकबाट तयार गर्न लगाउनेछ ।

## ४.४ प्रस्तावित कार्यक्रम र बजेट तर्जुमा

क) आयोजनाको स्वरुप, अनुमानित लागत (डिजाइन, इष्टिमेट) र कार्यतालिका तयार भैसकेपछि गाउँ विकास समितिले गाउँ विकास कोषबाट खर्च हुने सम्पूर्ण आयोजनाहरुको प्रस्तावित कार्यक्रम र बजेट तयार गर्नेछ। यसरी कार्यक्रम तयार गर्दा क्रमागत आयोजनाहरुलाई प्राथमिकताका साथ समावेश गर्नुपर्नेछ ।

ख) वार्षिक कार्यक्रम तर्जुमा गर्दा गाउँ विकास समितिले आफ्नो क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरु र जिल्ला विकास समितिको सहयोग लिन सक्नेछ। यस्तो सहयोग माग गरेको अवस्थामा आवश्यक सहयोग पु¥याउनु ती निकायहरुको कर्तव्य हुनेछ ।

## ४.५ जनसहभागिता

क) कार्यक्रम र बजेट तयार गर्ने सिलसिलामा आयोजनाहरुको छनौट गर्दा समान प्रकृतिका आयोजनाहरुमा बढी जनसहभागिता जुटाउने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ ।

**ख) गाउँ विकास समितिमा सामाजिक परिचालन कार्यक्रमको माध्यमबाट गठन भई सञ्चालन भएका सहकारी/ सामुदायिक संस्थाहरूलाई कार्यक्रमहरूमा अधिकाधिक संलग्न गराउन यस्ता संस्थाहरूलाई कार्यक्रममा सहभागी गराउनुपर्नेछ ।**

## ४.६ कार्यक्रम र बजेटको स्वीकृति

क) ४.४ वमोजिम तयार भएको प्रस्तावित कार्यक्रम र बजेट गाउँ परिषद्बाट स्वीकृत भएको हुनु पर्दछ ।

ख) **स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २३(४) मा भएको व्यवस्था अनुसार गाउँ परिषदबाट एकपटक स्वीकृत भइसकेको कार्यक्रम र बजेट संशोधन गर्न पाइने छैन ।**

ग) यसरी स्वीकृत भएको वार्षिक कार्यक्रम र बजेटको एकप्रति जिल्ला विकास समितिमा पठाउने जिम्मेवारी गाउँ विकास समिति सचिवको हुनेछ ।

घ) गाउँ विकास समितिले **स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ६६ मा भएको व्यवस्थाअनुसार आगामी वर्षको लागि योजना तर्जुमा गर्दा सहभागितामूलक योजना प्रक्रिया अवलम्वन गरी वार्षिक बजेट र कार्यक्रम परिषद्बाट स्वीकृत गराउनुपर्नेछ ।**

# 5. मानवीय संशाधन विकास, सामाजिक सुरक्षा र कल्याणसम्वन्धी व्यवस्था

५.१ मानवीय संसाधनको विकास गरी ग्रामीण जनशक्तिलाई सक्षम र उत्पादनशील बनाउने उद्देश्यले यो कार्यक्रमको व्यवस्था गरिएको हो ।

५.२ दफा ५.१ मा उल्लेखित उद्देश्य प्राप्तिको लागि देहाय वमोजिमका क्षेत्रहरुमा प्राथमिकताका साथ लगानी गर्नुपर्नेछः-

क) स्थानीय जनतालाई अत्यावश्यक भएका जनस्वास्थ्य, मातृशिशु कल्याण, साक्षरता एवं शिक्षा, कृषि, पशुस्वास्थ्य तथा कुटीर उद्योगका लागि व्यावसायिक ज्ञान, सीप जस्ता सेवाहरु सहज रुपमा उपलब्ध हुने किसिमले स्थानीय व्यक्तिलाई दिइने कृषि कार्यकर्ता, स्वास्थ्य सहायककर्मी (असिष्टेन्ट हेल्थ वर्कर), सुडेनी, खानेपानी प्राविधिक, व्यावसायिक/प्राविधिक सेवा जस्ता स्वरोजगारमूलक तालिम कार्यक्रमहरुको तर्जुमा गरी संचालन गर्नुपर्नेछ । यसरी गाउँ विकास समितिको लगानीमा तालिम प्राप्त व्यक्तिहरुलाई निश्चित अवधि (लगानी अनुसार) गाउँ विकास समिति क्षेत्र अन्तरगत रही सेवा गर्न कवुलियत गराउनु पर्नेछ ।

ख) पिछडिएका समुदाय वा जनजातिका लागि सिकर्मी, डकर्मी, जुत्ता सिउने, रङ्गरोगन गर्ने, विजुली जडान गर्ने, धारा-पाइप जडान गर्ने आदि जस्ता स्थानीय क्षेत्रमा आवश्यक भएका रोजगारीमूलक पूर्वव्यावसायिक तालिम कार्यक्रमहरुमा लगानी गर्नुपर्नेछ ।

ग) समूहमा संचालन गरिने सामुदायिक स्वास्थ्य, परिवार नियोजन र मातृशिशु कल्याण, पोलियो तथा बाल खोप, भिटामिन ‘ ए’ कृयाकलाप जस्ता बालस्वास्थ्य कार्यक्रमहरु । यी कार्यक्रमहरुमा मानवीय विकास, कल्याण र सामाजिक सुरक्षामा छुट्याइएको २५ प्रतिशत रकममध्येबाट न्यूनतम ५ प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

घ) माथिका मानवीय श्रोत विकासका कार्यक्रमलाई असर नपर्ने गरी गाउँ विकास समिति क्षेत्रमा श्री ५ को सरकारबाट अनुमति प्राप्त भै संचालन भएका विद्यालयहरुको लागि थप शिक्षक आवश्यक पर्ने भए सो को व्यवस्था र थप शिक्षकको व्यवस्था गर्नुपर्ने विद्यालयहरुको छनौट गाउँ विकास समितिले गर्नेछ । छनौट भएका विद्यालयहरुमा थप शिक्षकको भर्ना **गर्दा विद्यालय व्यवस्थापन समितिले गाउँ विकास समितिसँग स्वीकृति लिई निर्णय गर्नुपर्नेछ । यस सम्बन्धमा गाउँ विकास समितिले स्वीकृति प्रदान भएको शिक्षकका लागि चाहिने रकम वार्षिक कार्यक्रममा समावेश गरी परिषद्बाट अनुमोदन गराई सम्बन्धित विद्यालयसँग सम्झौता गरी अनुदानको रूपमा उपलब्ध गराउन सक्नेछ ।**

ङ) आफ्नो गाउँ विकास क्षेत्रभित्र बसोबास गर्ने दलित तथा उपेक्षित जनजातिका बालबालिकाहरुलाई विद्यालय प्रवेशका लागि प्रोत्साहन गर्ने र बीचमै पढाई छोड्ने प्रवृत्ति निरुत्साहित गर्ने उद्देश्यले यस्ता बालबालिकाहरुलाई प्रति महिना निश्चित रकम प्रोत्साहनस्वरुप दिने । प्रोत्साहनस्वरुप दिने यस्तो रकम बजेटको सीमा हेरी गाउँ विकास समितिले तय गर्नेछ ।

च) गाउँ विकास समितिलाई योजना तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन कार्यमा सघाउ पुर्‍याउन एक जना प्राविधिक सहायकको पारिश्रमिक ।

छ) प्राकृतिक प्रकोपपीडित परिवारहरुलाई राहतस्वरुप दिन छुट्याइने केही निश्चित रकम । यसरी छुट्याइएको रकम गाउँ विकास समितिको निर्णयानुसार राहत प्रदान गरिनेछ । राहत दिनु नपरेको अवस्थामा यो रकम संचित हुँदै जानेछ ।

ज) वृद्धहरुको हित, सुरक्षा तथा कल्याणका लागि गरिने कार्य ।

## ५.३ कार्ययोजना बनाउनुपर्ने

क) मानवीय विकास, कल्याण र सामाजिक सुरक्षाको लागि गाउँ विकास समितिले प्रत्येक वर्ष कार्ययोजना बनाई रकमको बाँडफाँड स्वीकृत गर्नेछ ।

ख) तालिम कार्यक्रमहरु संचालन गर्नुअगावै तालिमको अनुगमन कार्ययोजना अनिवार्य रुपमा तयार गर्नुपर्नेछ ।

ग) यो कार्ययोजना गाउँ विकास समिति अनुदान कार्यक्रमको अभिन्न अंग हुनेछ ।

घ) स्वीकृत कार्ययोजना अन्तर्गत रकम खर्च गर्ने सम्वन्धी अन्य कार्यविधि गाउँ विकास समिति आफैंले तय गर्नेछ ।

## 6. गाउँ विकास समिति अनुदान निकासा प्रक्रिया

क) श्री ५ को सरकारले गाउँ विकास समितिलाई प्रदान गरिने रकमलाई संचालन अनुदान र पूँजिगत अनुदानमा वर्गीकरण गरी चौमासिक रुपमा निकासा दिनेछ ।

ख) प्रथम चौमासिक रकम निकासा माग गर्दा देहाय अनुसारको विवरण अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछः-

१) गाउँ परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र प्रत्येक योजनाको लागि अनुसूची-१ को फाराम भरी पेश गर्नुपर्नेछ ।

२) अनुसूची-३ वमोजिम गत आर्थिक वर्षमा संचालन भई सम्पन्न भएका र क्रमागत आयोजनाहरुको वार्षिक प्रगति विवरण पेश गर्नुपर्नेछ ।

३) गत विगत वर्षमा कार्यक्रम कार्यान्वयनको लागि दिइएको तर फछ्र्यौट हुन बाँकी पेश्किको विवरण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

४) चालु आर्थिक वर्ष भन्दा एक आर्थिक वर्ष अघिको (जस्तै ०५७।५८ चालु आर्थिक वर्ष भए आर्थिक वर्ष ०५५।५६) अनुदान निकासा र खर्चको अन्तिम लेखा परीक्षणको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

ग) गाउँ विकास समिति अनुदानको प्रथम चौमासिक रकम जिल्ला विकास समिति कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयसँग निकासा माग गर्दा अघिल्लो आर्थिक वर्षमा निकासा दिएको रकमहरुको विवरण र फछ्र्यौट हुन बाँकी पेश्कि विवरण पनि साथै पेश गर्नुपर्नेछ ।

घ) जिल्ला विकास समितिको कार्यालयको माग अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रथम चौमासिक रकम पूरै निकासा दिनुपर्नेछ ।

ङ) यसरी निकासा भएको प्रथम चौमासिक रकम, दफा ६ (ख) (१) बमोजिमको विवरण सहित रकम माग गर्ने गाउँ विकास समितिलाई जिल्ला विकास समितिको कार्यालयले पूरै रकम निकासा दिनेछ ।

च) गाउँ विकास समितिले दोश्रो चौमासिक रकम माग गर्दा देहाय अनुसार गर्नुपर्नेछ ।

१) प्रथम चौमासिक रकम माग गर्दा पेश गरेको विगतका वर्षहरुको पेश्कीमध्ये फछ्र्यौटको पेश्की विवरण पेश गर्नुपर्नेछ ।

२) प्रथम किस्ता रकमबाट गरिएको कार्य प्रगति र खर्चको विवरण पेश गर्नुपर्नेछ ।

३) दफा ११ को प्रकृया पु-याई आएका आयोजना र क्रमागत आयोजनाहरु समेतको वार्षिक प्रगति प्रतिवेदन उपर गाउँ परिषदले गरेको समिक्षा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

छ) खण्ड " च" बमोजिमको प्रक्रिया पूरा गरी गाउँ विकास समितिले दोश्रो चौमासिक रकम माग गरेपछि जिल्ला विकास समितिको कार्यालयले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसँग दोश्रो चौमासिक रकम निकासा माग गर्नेछ । यसरी माग पत्र प्राप्त गरेपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले दोश्रो चौमासिक रकम निकासा दिनुपर्नेछ ।

ज) गाउँ विकास समितिले तेश्रो चौमासिक रकम माग गर्दा देहायका प्रक्रिया पूरा गरी माग गर्नुपर्नेछ ।

१) प्रथम चौमासिकको रकमबाट भएको कार्यको प्राविधिक मूल्यांकन सहितको यथार्थ प्रगति प्रतिवेदन तथा दोश्रो चौमासिकको मोटामोटी प्रगति प्रतिवेदन ।

२) गत विगत वर्षको लगत अनुसार कम्तीमा ७५ प्रतिशत पेश्कि फछ्र्यौटको विवरण ।

३) अघिल्लो आर्थिक वर्षको जस्तै (चालु आर्थिक वर्ष ०५७।५८ भए आर्थिक वर्ष ०५६।५७ को) लेखा परीक्षण प्रतिवेदन ।

झ) खण्ड " ज" वमोजिमका प्रक्रिया पूरा गरी गाउँ विकास समितिले तेश्रो चौमासिक रकम माग गरेपछि जिल्ला विकास समितिको कार्यालयले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसँग तेश्रो चौमासिक रकम माग गर्नेछ । यसरी माग प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले तेश्रो चौमासिक रकम निकासा दिनुपर्नेछ ।

ञ) कोष तथा लेखा नियन्त्रक कार्यालयबाट दोश्रो/ तेश्रो चौमासिक रकम निकासा प्राप्त भएपछि जिल्ला विकास समितिको कार्यालयले सम्वन्धित गाउँ विकास समितिलाई देहाय अनुसार पेश्की फछ्र्यौट भएको प्रगति तुलनात्मक हिसावले निकासा गर्नेछः-

१) गत विगत आर्थिक वर्षको कूल पेश्की रकममध्ये ७५ प्रतिशत वा सो भन्दा बढी पेश्की फछ्र्यौट गर्ने गाउँ विकास समितिलाई सो चौमासिकमा निकासा हुने रकमको १०० प्रतिशत निकासा दिने ।

२) गत विगत आर्थिक वर्षको कूल पेश्की रकममध्ये ५० प्रतिशत वा सो भन्दा बढी ७४ प्रतिशतसम्म फछ्र्यौट गर्ने गाउँ विकास समितिलाई सो चौमासिकमा निकासा हुने रकमको ७५ प्रतिशत निकासा दिने ।

३) गत विगत आर्थिक वर्षको कुल पेश्की रकममध्ये २५ प्रतिशत देखि ४९ प्रतिशतसम्म पेश्की फछ्र्यौट गर्ने गाउँ विकास समितिलाई सो चौमासिकमा निकासा हुने रकमको ५० प्रतिशत निकासा दिने ।

ट) दोश्रो र तेश्रो किस्ता रकम निकासा हुँदा आंशिक रुपले निकासा पाउने गाउँ विकास समितिले त्यसपछि गत आर्थिक वर्षको कूल पेश्की मध्ये ७५ प्रतिशत वा सोभन्दा बढी पेश्की रकम फछ्र्यौट गर्न सक्षम भएमा सो आर्थिक वर्षमा पाउने रकम निकासा यस दफाको खण्ड (ढ) बमोजिम फुकुवा भएमा माग गर्नसक्नेछ। यसरी माग भइआएमा जिल्ला विकास समितिको कार्यालयले सम्वन्धित गाउँ विकास समितिलाई रकम निकासा दिनुपर्नेछ ।

ठ) माथि दफाहरुमा जेसुकै लेखिएको भएतापनि गाउँ विकास समितिलाई उपलब्ध गराउनुपर्ने संचालन अनुदानको रकम गाउँ विकास समितिले मागे वमोजिम पहिलो, दोश्रो र तेश्रो चौमासिकको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा दिनुपर्नेछ र त्यस्तो कार्य संचालनको रकम जिल्ला विकास समितिले सम्वन्धित गाउँ विकास समितिलाई उपलब्ध गराउनुपर्नेछ। संचालन अनुदान सम्वन्धी खर्च देहायका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

१) गाउँ विकास समिति कार्यालयका कर्मचारीहरुको (प्राविधिक सहायक तथा अन्य) तलव भत्ता र अन्य सुविधा ।

२) अध्यक्ष तथा उपाध्यक्षको **मासिक पारिश्रमिक र** भत्ता ।

३) बैठक भत्ता र मसलन्द खर्च ।

४) समूहमा संचालन गरिने सामुदायिक स्वास्थ्य, परिवार नियोजन र मातृशिशु कल्याण, पोलियो, खोप, भिटामिन ' ए' जस्ता बाल स्वास्थ्य कार्यक्रम ।

५) व्यावसायिक तथा प्राविधिक तालिम दिलाउने कार्य ।

ड) १) **खर्च भएको तर प्रमाणका कागजात जुटाउन नसकेका कारणले बेरुजु फछ्र्यौट हुन नसकेका खर्चहरूलाई रुजु तथा नियमित गराउन लेखा समितिले गाउँ विकास समितिलाई सुझाव दिन सक्नेछ ।**

२) **नेपाल राजपत्र, अतिरिक्ताङ्क १६, मिति २०५७।३।१९ को श्री ५ को सरकारको सूचना अनुसार स्थानीय निकाय** (**आर्थिक प्रशासन**) **नियमावली, २०५६ को अनुसूचीहरूमा उल्लेख भएअनुसारका फारमहरूको विवरण प्रचलनमा ल्याउन सक्नेछ ।**

ढ) **गाउँ विकास समिति अनुदान रकमको लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन र तत्सम्बन्धी नियमावलीअनुसार हुनेछ ।**

ण) गाउँ विकास समिति अनुदान कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने उद्देश्यले लेखा प्रणालीमा पारदर्शिता कायम गर्नुका साथै प्राविधिक मूल्यांकनले औंल्याएका टिका टिप्पणीमा यथार्थता बुझि समीक्षा गर्न र राय साथ आवश्यक निर्देशन दिन, साथै पेश्की, वेरुजु आदिमा फछ्र्यौटको आधारमा रोक्का वा फुकुवा गर्न निम्नवमोजिमको कार्य प्रगति, अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछः-

| | | |
|---|---|---|
| १. | जिल्ला विकास समितिका उप सभापति | अध्यक्ष |
| २. | कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख/ अधिकृत प्रतिनिधि | सदस्य |
| ३. | स्थानीय विकास अधिकारी | सदस्य |
| ४. | योजना तथा प्रशासकिय अधिकृत | सदस्य |
| ५. | जिल्ला विकास समितिको इन्जिनियर | सदस्य-सचिव |

उप सभापतिको अनुपस्थितिमा स्थानीय विकास अधिकारीले समितिको अध्यक्षता गर्नेछ ।

त) कार्यप्रगति मूल्यांकन समितिको निर्णयको आधारमा खण्ड (त्र) अनुसार रोकिएको रकम फुकुवा हुन सक्नेछ ।

थ) देहायका उद्देश्यमा यस कार्यक्रम अन्तरगतको रकम खर्च गर्न पाइने छैनः-

१) वडापिच्छे दामासाहीले रकम बाँडफाँड गर्न,

२) कुनैपनि सेवा वा अन्य कार्यको लागि धरौटी राख्न,

३) जग्गा खरिद गर्न,

४) विकास कार्यक्रमको रकम सापटी ल्याई प्रशासनिक खर्च चलाउन ।

द) स्थानीय निकायका निर्वाचित/ मनोनित पदाधिकारीहरुले आफैंले पेश्कि लिई रकम खर्च गर्ने प्रणालीलाई दुरुत्साहित गर्नुपर्नेछ ।

## 7. गाउँ विकास समिति अनुदान कार्यक्रमको कार्यान्वयन

### ७.१ आयोजना कार्यान्वयन गर्ने प्रक्रिया

क) आयोजनाहरु साधारणतया उपभोक्ता समितिमार्फत संचालन गर्नुपर्नेछ ।

ख) उपभोक्ता समितिबाट संचालन हुन नसक्ने आयोजनाहरु कुन निकायले र कुन प्रक्रियाबाट संचालन गर्ने भन्ने वारेमा गाउँ विकास समितिले निर्णय लिनेछ ।

ग) गाउँ विकास समितिको निर्णयानुसार अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन गर्ने भएपनि आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरुको भेलाबाट उपभोक्ता समिति गठन गरी सो समितिबाट रेखदेख र सुपरिवेक्षण गराउनु पर्नेछ ।

घ) खण्ड (ग) का आयोजना वाहेक अन्यमा गाउँ विकास समितिले आयोजना कार्यान्वयन गर्ने निकायसँग कार्यान्वयन कार्यतालिका सहित आयोजना कार्यान्वयनको सम्झौता गर्नुपर्नेछ । सम्झौता गर्दा उपभोक्ता समितिका सदस्य समेतको उपस्थितिमा गर्नुपर्नेछ ।

ङ) सम्झौता भैसकेपछि आयोजनाको लगत अनुमान, उपभोक्ता समितिको गठन र कार्यान्वयन कार्यतालिका सहित सम्झौताको एक एकप्रति गाउँ विकास समितिले जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

च) सम्झौता गरिसकेपछि सम्झौतामा निर्धारित समयमा कार्यान्वयन गर्ने निकायले आयोजना सम्पन्न गर्नुपर्नेछ । आयोजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नाको औचित्यको आधारमा गाउँ विकास समितिले सम्झौताको म्याद थप गर्न सक्नेछ ।

## ७.२ उपभोक्ता समितिको गठन

क) गाउँ विकास समितिले आयोजनाबाट प्रत्यक्ष रुपमा फाइदा पाउने उपभोक्ताहरुको भेला गराई आयोजनाको अनुमानित लागत (लगत इष्टिमेट), कार्यतालिका, कार्यान्वयन गर्ने निकाय र प्रक्रियाको सम्वन्धमा जानकारी गराउनुपर्नेछ ।

ख) गाउँ विकास समितिले यस्तो उपभोक्ता भेलाबाट प्रत्येक आयोजनाका लागि बेग्लाबेग्लै उपभोक्ता समिति गठन गर्नेछ ।

ग) दुई वा दुइभन्दा बढी गाविसहरु मिलेर संचालन गर्ने आयोजनामा संयुक्त उपभोक्ता समिति गठन गर्नुपर्नेछ । यस्तो उपभोक्ता समितिलाई सम्वन्धित गाउँ विकास समितिले अनुमोदन गर्नुपर्नेछ ।

घ) गाउँ विकास समिति वा जिल्ला विकास समितिका निर्वाचित जनप्रतिनिधिहरु उपभोक्ता समितिमा रहन सक्नेछैनन् ।

ङ) उपभोक्ता समितिको गठन, कार्यविधि, काम, कर्तव्य र अधिकार **स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा तत्सम्बन्धी नियमावलीमा** उल्लेख भए वमोजिम हुनेछ ।

च) उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरु उपभोक्ता समितिको सचिवले लिखित रुपमा राख्नुपर्नेछ ।

## ७.३ गाउँ विकास समितिबाट आयोजनाका लागि रकम निकासा र खर्च गर्ने तरिका

क) आयोजना कार्यान्वयन गर्न सम्झौता भइसकेपछि गाउँ विकास समितिले कार्यान्वयन गर्ने निकायलाई गाउँ विकास समितिको कोषबाट किस्ताबन्दीमा रकम निकासा गरिदिनेछ । कति किस्तामा रकम निकासा दिने र प्रत्येक किस्तापछि लिनुपर्ने विवरण आयोजनाको प्रकृति हेरी गाउँ विकास समितिले निर्धारण गर्नेछ ।

ख) गाउँ विकास समितिले दोस्रो वा त्यसपछिका किस्ताहरु अघिल्लो किस्ताको प्राविधिक मूल्यांकन तथा अनुसूची-२ अनुसारको प्रतिवेदन समेत हेरी उपलब्ध गराउनेछ ।

ग) आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँ विकास समितिबाट प्राप्त किस्ता रकम अनिवार्य रुपमा नजिकैको बैंकमा खाता खोली राख्नुपर्नेछ । उपभोक्ता समितिको खाताको संचालन उपभोक्ता समितिका अध्यक्ष र कोषाध्यक्षले गर्नेछन् ।

घ) किस्ताबन्दीको रकम प्राप्त गरिसकेपछि आयोजनाको अनुमानित लागत (लगत इष्टिमेट) अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरु कार्यतालिकाले निर्धारण गरेको समयभित्रै कार्यान्वयन गर्ने निकायहरुले आफैं वा संयुक्त रुपमा वा यस्ता निकायहरुको अनुरोधमा गाउँ विकास समितिले व्यवस्था गर्नुपर्नेछ ।

ङ) निर्माण सामग्रीहरु प्रचलित कानून अनुसार खरिद गर्नुपर्नेछ ।

च) खरिद भएका निर्माण सामग्रीहरुको गुणस्तरको जाँच गाउँ विकास समितिले प्राविधिकबाट गराउनुपर्नेछ ।

छ) कार्यान्वयन गर्ने निकायले गाउँ विकास समितिबाट प्राप्त निर्माण सामग्रीहरु जिन्सी खातामा आम्दानी बाँधी सो को जानकारी गाउँ विकास समितिलाई दिनुपर्नेछ ।

ज) आयोजनाको हिसाव प्रचलित कानून बमोजिम राख्ने जिम्मेवारी कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव राख्ने सम्वन्धमा गाउँ विकास समितिको सचिवले आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

झ) गाउँ विकास समितिको स्तरमा आयोजनाहरुको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने र नियमित रुपमा भौतिक र वित्तीय प्रगति प्रतिवेदन पठाउने जिम्मेवारी गाउँ विकास समितिको अध्यक्ष र सचिवको हुनेछ ।

## ८. कार्यक्रम संचालनमा प्राविधिक सहयोगको व्यवस्था

### ८.१ प्राविधिक सहायकको व्यवस्था

क) गाउँ विकास समितिलाई कार्यक्रम संचालनमा सघाउ पु-याउन एक जना प्राविधिक सहायक गाउँ विकास समितिकै प्रशासकीय नियन्त्रणमा रहने गरी नियुक्त हुनेछन् । नियुक्त प्राविधिक सहायकहरु न्यूनतम योग्यता पुगेका तालिमप्राप्त व्यक्तिहरु हुनेछन् ।

ख) यी प्राविधिक सहायकहरुले गाउँ विकास समितिबाट तोकिएका कामहरु गर्नेछन् ।

### ८.२ इलाकास्तरमा प्राविधिकको व्यवस्था

क) जिल्ला विकास समितिले इलाका वा मिल्दो भौगोलिक क्षेत्र तोकी उपलब्ध गराउने ओभरसियर र सब-ओभरसियरको तलव, भत्ता, दैनिक भ्रमण भत्ता, आवश्यक प्राविधिक उपकरण र प्राविधिक काममा सघाउ पुग्ने अन्य सामग्रीहरुका लागि गाउँ विकास समितिमा श्री ५ को सरकारले पठाउने अनुदान रकमबाट तराईका जिल्लाहरुमा २% सम्म, पहाडी जिल्लाहरुमा २.५% सम्म र हिमाली जिल्लाहरुमा ३% सम्म रकम भैपरीको रुपमा जिल्ला विकास समितिमा पूँजिगत अनुदान रकमबाट राखिनेछ ।

ख) यस्तो भैपरी रकमबाट गाउँ विकास समिति अनुदान कार्यक्रमको अनुगमन, गाउँ विकास समितिको अन्तिम लेखा परीक्षण र गाउँ विकास समितिका जनप्रतिनिधि र सचिवहरुको प्रशिक्षण वापतको खर्च समेत जिल्ला विकास समितिले व्यहोर्नु पर्नेछ ।

### ८.३ कार्यान्वयन गर्ने निकायले आफैं प्राविधिकको व्यवस्था गर्न सक्ने

क) गाउँ विकास समितिसँगको समन्वयमा कार्यान्वयन गर्ने निकायले आफैं वा आपसमा मिली निर्धारित काम र सेवाशुल्कको आधारमा छुट्टै प्राविधिक वा रजिष्टर्ड प्राविधिक परामर्शदातृ फर्मको अस्थायी वा करारमा व्यवस्था गर्न सक्नेछ; र

ख) कार्यान्वयन गर्ने निकायको अनुरोधमा गाउँ विकास समितिले आफैं वा आपसमा मिलेर पनि करार वा अस्थायी रुपमा प्राविधिकको व्यवस्था गर्न सक्नेछ ।

ग) प्राविधिकको व्यवस्थाको लागि गाउँ विकास समितिले श्री ५ को सरकारबाट प्राप्त पूँजिगत अनुदान रकमको तीन प्रतिशतसम्म भैपरी आउने रकम राख्न सक्नेछन् । यसबाट प्राविधिकको पारिश्रमिक,

साधारण प्राविधिक उपकरण, सुपरिवेक्षण र मसलन्द खर्च व्यहोर्नुपर्नेछ ।

## 9. कार्यक्रम सञ्चालनमा जिल्ला विकास समितिको भूमिका

### ९.१ कार्यक्रम तर्जुमा तथा सञ्चालनमा टेवा

**क) गाउँ विकास समितिलाई जाने अनुदान रकममा तोकिएको (कन्टिन्जेन्सी) प्रतिशत रकमबाहेक सम्बन्धित गाउँ परिषद्को निर्णय बिना कुनै पनि किसिमबाट जिल्ला विकास समिति वा जिल्ला परिषद्ले रकम कट्टि गर्न पाउने छैन ।**

**ख) जिल्लास्तर वा अन्य कुनै कार्यक्रममा जिल्ला विकास समितिले गाउँ विकास समितिबाट साझेदारी (म्याचिङ् फण्ड्) पूँजीको रूपमा योगदान लिनुपर्ने भएमा सम्बन्धित गाउँ परिषद्बाट योजना तथा कार्यक्रम किटान गरी स्वीकृत गरेपछि मात्र लिन सकिनेछ ।**

**ग) गाउँ विकास समितिमा जाने रकमको गाउँ विकास समितिगत छुट्टै आम्दानी, खर्चको स्रेस्ता राख्नुपर्नेछ ।**

**घ) गाउँ विकास समिति अनुदान रकमबाट सञ्चालन हुने योजनाको किसिमअनुसार भिन्नाभिन्नै योजनाको अभिलेख राख्नुपर्नेछ ।**

**ङ) यो निर्देशिकाअनुसार गाउँ विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्न सम्बन्धित गाउँ विकास समितिलाई लिखितरूपमा सचेत गराउनुपर्नेछ र त्यसको जानकारी स्थानीय विकास मन्त्रालयको क्षेत्रीय निर्देशनालयलाई दिनुपर्नेछ ।**

**च) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१२ अनुसार स्थापना भएको सूचना तथा अभिलेख केन्द्रमा गाउँ विकास समितिको कार्यक्रम, बजेट, लेखापरीक्षण प्रतिवेदन आदि सबै विवरण अनिवार्य राख्नुपर्नेछ ।**

### ९.२ कार्यक्रम तर्जुमामा टेवा

क) जिल्ला विकास समितिले गाउँ विकास समितिलाई वस्तुगत विवरण ( भिलेज प्रोफायल) तयार गर्ने र गाउँ विकास समितिलाई अनुदान कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग पु¥याउनेछ ।

ख) यस्तो कार्यमा जिल्ला विकास समितिले जिल्ला वा इलाकास्तरमा रहेका विभिन्न सरकारी वा अर्ध सरकारी निकायहरुसँग समन्वय गरी गाउँ विकास समितिको तहमा सहयोग पु¥याउने व्यवस्था मिलाउनेछ ।

ग) जिल्ला विकास समितिले गाउँ विकास समितिलाई अनुदान कार्यक्रमको तर्जुमा, अनुगमन, मूल्यांकन आदि कार्यमा सम्वन्धित इलाका सदस्यलाई संलग्न गराउनेछ । यस्तो कार्यका लागि इलाका सदस्यले गाउँ विकास समिति र जिल्ला विकास समितिका बीच सम्पर्क माध्यमका रुपमा कार्य गर्नेछ ।

घ) दुई वा दुइ भन्दा बढी गाउँ विकास समितिले आपसमा मिली संचालन गर्ने योजनाहरुको हकमा जिल्ला विकास समितिले समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ ।

ङ) गाउँ विकास समिति अनुदान कार्यक्रमको संचालनमा गाउँ विकास समितिलाई प्राविधिक टेवा पु¥याउन जिल्ला विकास समितिले इलाका स्तरमा रहने गरी ओभरसियर र सव-ओभरसियरहरुको व्यवस्था गर्नेछ ।

च) गाउँ विकास समिति अनुदान कार्यक्रमको संचालनमा टेवा पु¥याउन जिल्ला विकास समितिले गाउँ विकास समिति सचिव, प्राविधिकहरु, उपभोक्ता समितिहरु, गाउँस्तरका जनप्रतिनिधिहरु आदिलाई दिनुपर्ने तालिमको पहिचान गरी आफूले गर्न सक्ने तालिम आफैंले संचालन गर्ने र आफूले गर्न नसक्ने तालिमको हकमा केन्द्रमा सिफारिश गरी पठाउनेछ ।

### ९.३ विवादको समाधान

गाउँ विकास समिति अनुदान कार्यक्रमको संचालनमा विवाद श्रृजना भै गाउँ विकास समितिबाट टुङ्गो लाग्न नसकेका जिल्ला विकास समितिमा पेश गरी आवश्यक छानबीन सहित जिल्ला विकास समितिले विवादको टुङ्गो लगाउनेछ ।

### ९.४ अनुगमन र समीक्षा

अनुगमनको सिलसिलामा आयोजनामा रकम दुरुपयोग भएको वा अनुमानित लागत (लगत इष्टिमेट) अनुरुप काम नभएको प्रमाणित हुन आएमा जिल्ला विकास समितिले आयोजनामा भएको दुरुपयोगको गम्भीरता हेरी सुधारको लागि निर्देशन दिनसक्ने वा काम रोक्का गरी कारवाहीको लागि आवश्यक कदम चाल्न सक्नेछ ।

### ९.५ लेखा परीक्षण

जिल्ला विकास समितिले दफा ११.३ को खण्ड (ख) अनुसार गाउँ विकास समितिको लेखा परीक्षण गराउनेछ । दफा ११.३ को खण्ड (ग) अनुसारको लेखा परीक्षण प्रतिवेदन प्राप्त भएपछि लेखा परीक्षणबाट देखाइएका बेरुजुहरु प्रचलित

कानून बमोजिम नियमित गर्न मिल्ने भए नियमित गर्नेछ र नियमित गर्न नमिल्ने बेरुजुको हकमा प्रचलित कानून अनुसार आवश्यक कारवाही गर्नेछ ।

## 10. कार्यक्रमको अनुगमन, प्रगति प्रतिवेदन र समीक्षा

### १०.१ गाउँ विकास समितिबाट अनुगमन

क) गाउँ विकास समितिको कोषबाट संचालित कार्यक्रमहरुको गाउँ विकास समितिले निरन्तर रुपमा अनुगमन गरी बाधा अड्काउहरु फुकाउने व्यवस्था मिलाउनेछ ।

ख) कार्यान्वयन गर्ने निकायले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-२ को ढाँचामा प्रत्येक महिना गाउँ विकास समितिमा पठाउनुपर्नेछ ।

ग) गाउँ विकास समितिले यो कार्यक्रमको प्रत्येक चौमासिक र वार्षिक समीक्षा सहितको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-३ को ढाँचामा सम्वन्धित जिल्ला विकास समितिमा नियमित रुपमा पठाउनुपर्नेछ ।

घ) गाउँ विकास समिति अनुदानबाट संचालित कार्यक्रमको वार्षिक अनुगमन प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहितको विवरण गाउँ परिषदमा छलफल गराई परिषदको राय सहितको प्रतिवेदन जिल्ला विकास समितिमा पेश गर्नुपर्नेछ ।

### १०.२ जिल्ला विकास समितिबाट अनुगमन

क) जिल्ला विकास समितिले गाउँ विकास समितिको कोषबाट संचालित आयोजनाहरुको नियमित अनुगमन गर्नेछ र यस्ता आयोजनाहरुको सूचना अद्यावधिक गरी राख्नेछ। नियमित अनुगमनको संयोजन जिल्ला विकास समितिले जिल्ला विकास समितिका कुनै पदाधिकारीबाट गराउन सक्नेछ। यस कार्यमा सहयोग गर्न एक जना नायव सुव्वास्तरको कर्मचारी राख्न सकिनेछ ।

ख) जिल्ला विकास समितिले आफूले गरेको अनुगमन, गाउँ विकास समिति र इलाका सदस्यबाट प्राप्त प्रगति प्रतिवेदन समेतको आधारमा चौमासिक र वार्षिक समीक्षा गर्नेछ। वार्षिक समीक्षा प्रतिवेदन जिल्ला परिषद्मा पेश गर्नुपर्नेछ ।

ग) जिल्ला विकास समितिले सम्वन्धित इलाका सदस्यबाट इलाका अन्तर्गतका गाउँ विकास समिति अनुदान कार्यक्रमको नियमित अनुगमन र सुपरिवेक्षण गर्न लगाउनेछ। इलाका सदस्यले पनि तदनुरुप गरी कार्यक्रमको प्रगति सम्वन्धमा आफ्नो सुझाव सहितको लिखित प्रतिवेदन जिल्ला विकास समितिमा पेश गर्नेछ ।

घ) जिल्लास्तरमा अनुगमन गर्ने ढाँचाको विवरण स्थानीय विकास मन्त्रालयको क्षेत्रीय निर्देशनालयले जिल्ला विकास समितिलाई उपलब्ध गराउनेछ ।

ङ) जिल्ला विकास समितिले आफू अन्तर्गतका गाउँ विकास समितिको प्रगति प्रतिवेदन संकलन गरी राष्ट्रि य योजना आयोगद्वारा निर्धारित ढाँचामा चौमासिक र वार्षिक रुपमा आफ्नो समीक्षाको रायसहित क्षेत्रीय निर्देशनालयमा पठाउनेछ ।

### १०.३ जिल्ला विकास समितिले निर्देशन दिन सक्ने अधिकार

यस निर्देशिका वमोजिम स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार गाउँ विकास समितिबाट काम कारवाही नभएमा जिल्ला विकास समितिले स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुरुप गर्न गराउन गाउँ विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ। यस्तो निर्देशन पालना गर्नुपर्ने गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

### १०.४ क्षेत्रीय निर्देशनालयबाट अनुगमन

क) क्षेत्रीय निर्देशनालयहरुले पनि आफ्नो क्षेत्र अन्तर्गतका यी कार्यक्रमहरुको नियमित अनुगमन गर्नेछ र कार्यक्रम तथा आयोजनाहरुको सूचना अद्यावधिक राख्नेछ ।

ख) क्षेत्रीय निर्देशनालयहरुले आफूले गरेको अनुगमन र जिल्ला विकास समितिहरुबाट प्राप्त प्रगति प्रतिवेदनहरुमा आफ्नो रायसहित चौमासिक र वार्षिक रुपमा भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन स्थानीय विकास मन्त्रालयमा पठाउनुपर्नेछ ।

### १०.५ सांसदहरुबाट अनुगमन

प्रतिनिधि सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्र संचालित कार्यक्रमहरुको अनुगमन गरी सम्वन्धित निकायका विभिन्न तहमा आफ्नो सुझाव वा प्रतिवेदन दिन सक्नेछ ।

### १०.६ स्थानीय विकास मन्त्रालयबाट अनुगमन

क) स्थानीय विकास मन्त्रालयले केन्द्रमा चौमासिक र वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्नेछ र सुधारका लागि आवश्यक निर्देशनहरु संस्थागत माध्यमबाट गाउँ विकास समितिसम्म पठाउनेछ ।

ख) यस कार्यक्रमको विशेष अनुगमन गरी पर्न आएका बाधा अड्चन फुकाउन स्थानीय विकास मन्त्रालयमा एउटा बेग्लै अनुगमन इकाई खडा गरिनेछ ।

ग) यो कार्यक्रमको अनुगमनको लागि स्थानीय विकास मन्त्रालयले अनुगमनको उपयुक्त व्यवस्था मिलाउनेछ ।

## 11. प्राविधिक मूल्यांकन, जांचपास र लेखा परीक्षण

### ११.१ प्राविधिक मूल्यांकन र जांचपास

क) गाउँ विकास समिति अनुदान कार्यक्रम अन्तर्गत संचालित आयोजनाहरुको प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन कार्यक्रमको लागि खटिएका प्राविधिकबाट हुनेछ ।

ख) यस्तो प्राविधिक मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन एक तह माथिको प्राविधिकबाट प्रमाणित गराउनुपर्नेछ ।

ग) आयोजनाको अन्तिम मूल्यांकन गर्दा गाउँ विकास समितिको प्रतिनिधि र कार्यान्वयन गर्ने निकायको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

घ) आयोजना कार्यान्वयन गर्ने निकायबाट आयोजना सम्पन्न भएको जानकारी गाउँ विकास समितिमा प्राप्त भएपछि प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र हिसाव फछ्र्यौटको आधारमा गाउँ विकास समितिले आयोजनाको जाँचपास र फरफारक गर्नुपर्नेछ ।

### ११.२ हिसाव फछ्र्यौट

क) कार्यक्रम संचालनको निमित्त गाउँ विकास समितिबाट प्राप्त रकम वा निर्माण सामग्रीको हिसाव फछ्र्यौट गर्ने जिम्मेवारी कार्यक्रम कार्यान्वयन गर्ने निकायको हुनेछ ।

ख) कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट हिसाव फछ्र्यौटका लागि कागजात प्राप्त भएपछि गाउँ विकास समितिले तत्काल हिसाव फछ्र्यौट गरिदिनुपर्नेछ ।

### ११.३ लेखा परीक्षण

क) गाउँ विकास समितिको कोषको आयव्ययको आन्तरिक लेखा परीक्षण गाउँ विकास समितिले तोकेको अनुभवी व्यक्तिबाट गराउनुपर्नेछ ।

ख) गाउँ विकास समितिको कोषको अन्तिम लेखा परीक्षण जिल्ला विकास समितिले नियुक्त गरेको दर्तावाल लेखा परीक्षकबाट आउँदो आर्थिक वर्षको कार्तिक मसान्तभित्र गराइसक्नु पर्नेछ ।

ग) आन्तरिक र अन्तिम लेखा परीक्षण प्रतिवेदनहरु गाउँ विकास समितिले जिल्ला विकास समितिमा पठाउनु पर्नेछ ।

घ) गाउँ विकास समितिले लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गराउनुपर्नेछ ।

## 12. आयोजनाको संचालन र मर्मत सम्भार

क) उपभोक्ता समितिबाहेक अन्य निकायबाट कार्यान्वयन भएका आयोजनाहरु आयोजना जाँचपास भैसकेपछि कार्यान्वयन गर्ने निकायले त्यस्ता आयोजनाहरु गाउँ विकास समितिको प्रतिनिधिको रोहवरमा सम्वन्धित उपभोक्ता समितिलाई संचालन र मर्मत सम्भारको लागि जिम्मा दिनेछ ।

ख) उपभोक्ता समितिले उपभोक्ताहरुबाट तय भए अनुसारको सेवा शुल्क समेत लिन सक्ने गरी आयोजनाको नियमित संचालत र मर्मत सम्भार गर्नेछ ।

ग) दैवीप्रकोपबाट क्षतिग्रस्त भै मर्मत सम्भार गर्नुपर्ने बाहेक अन्य कारणबाट गर्नुपर्ने मर्मत सम्भार उपभोक्ता समिति आफैंले गर्नुपर्नेछ ।

घ) आयोजनाहरुको सुसंचालन र मर्मत सम्भारको रेखदेख र सुपरिवेक्षण गाउँ विकास समितिले नियमित रुपमा गर्नेछ ।

## 13. पुरष्कृत गर्ने व्यवस्था

कार्यक्रमलाई प्राप्त रकमको हिनामिना, दुरुपयोग गर्ने र निर्धारित समयमै कार्य सम्पन्न नगर्ने गाउँ विकास समितिलाई श्री ५ को सरकारले आउँदो आर्थिक वर्षका लागि जाने अनुदान रकम रोक्का गर्न सक्नेछ ।

## 14. सुविधाको व्यवस्था

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ मा व्यवस्था भए अनुसार पारिश्रमिक तथा भत्ता सुविधा उपलब्ध हुनेछ ।

## 15. कार्यक्रम संचालन सम्वन्धी कार्यतालिका

**कार्यहरु**

१. **आगामी आर्थिक वर्षको** कार्यक्रम, बजेट तर्जुमा र स्वीकृति

२. **चालू आर्थिक वर्षको कार्यक्रम कार्यान्वयन गर्न** उपभोक्ता समितिको गठन
र सम्झौता (**गत आर्थिक वर्षमा नै वार्षिक कार्यक्रम स्वीकृत भैसकेको हकमा**)

| | | |
|---|---|---|
| ३. | निर्माण सामग्रीको व्यवस्था | कार्तिक मसान्तसम्म |
| ४. | योजनाको कार्यान्वयन | चैत मसान्तसम्म |
| ५. | जाँचापास र फरफारक | जेठ १५ सम्म |
| ६. | वार्षिक प्रतिवेदन जिल्ला विकास समितिमा पठाउने | साउन ७ सम्म |
| ७. | लेखा परीक्षण | कात्तिक मसान्तसम्म |

कार्यक्रम संचालन सम्वन्धी कार्यतालिका अनुसूची-४ बमोजिम हुनेछ ।

## 16. **अन्य**

यसमा प्रयोग हुने अनुसूचीहरुमा हेरफेर तथा थपघट स्थानीय विकास मन्त्रालयले उपलब्ध गराउनेछ ।

अनुसूची - १

गाउँ विकास समिति अनुदान कार्यक्रम

## आयोजना प्रस्तावको ढाँचा

*(दफा ५ (२) (क) र दफा ७ (ख) (१) सँग सम्वन्धित)*

१. आयोजनाको नामः-

२. आयोजनाको स्थानः- जिल्लाः- गा.वि.स.:-
वडा नं.:-

३. आयोजनाको किसिमः नयाँ/ अधुरो/ मर्मत संभार

४. आयोजना शुरु हुने मितिः- ५. आयोजना सम्पन्न हुने मितिः-

६. आयोजनाको अपेक्षित लाभः

क. लाभान्वित उपभोक्ता परिवारको संख्याः जनसंख्याः

ख. अन्यः- बाटो (कि.मि.), सिंचाई (हेक्टर), विद्युत (कि.वा.), कल्भर्ट (लम्वाई), खानेपानी (धारा संख्या) आदिमा खुलाउने ।

७. आयोजनाको कूल अनुमानित लागत रु.:

८. आयोजनाको लागि आवश्यक साधन र कार्यान्वयन गर्ने निकायले व्यहोर्ने अंशः

| क्र.स. | साधन | जम्मा रकम | गा.वि.स.ले व्यहोर्ने रकम | उपभोक्ताले व्यहोर्ने रकम | साझेदारीमा अन्य निकायले व्यहोर्ने भएमा |
|---|---|---|---|---|---|
| १. | निर्माण सामग्री | | | | |
| | क) | | | | |
| | ख) | | | | |
| | ग) | | | | |
| | घ) | | | | |
| २. | ढुवानी | | | | |
| ३. | दक्ष कामदार ज्याला | | | | |
| ४. | अदक्ष कामदार ज्याला | | | | |
| ५. | अन्य | | | | |
| जम्मा | | | | | |

९. सम्पन्न आयोजनाको संचालन र मर्मत सम्भार सम्वन्धी व्यवस्था (पोत, शुल्क, दस्तुर आदि उठाई कोष बनाएर गर्ने भए सो समते खुलाउने):

१०. प्रस्तावित उपभोक्ता समितिका सदस्यहरुको नामावलीः

१०. अन्य केही भएः

निवेदकको तर्फबाट सही तथा प्रमाणित गर्ने

नामः

सहीः

मितिः

*नोटः १. उपभोक्ताहरुको नाम संलग्न गर्नु पर्नेछ ।*

*२. आयोजनाको विस्तृत विवरण संलग्न गर्न सकिनेछ ।*

*३. आयोजना सम्पन्न भएपछिको संचालन र मर्मत सम्वन्धी व्यवस्था संलग्न गर्नुपर्नेछ ।*

अनुसूची - २

गाउँ विकास समिति अनुदान कार्यक्रम

## मासिक प्रगति प्रतिवेदन फारम

*(दफा ८ (३) (ख) र दफा ११.१ (ख) सँग सम्वन्धित)*

आ.व. ................ महिना ....................

जिल्लाः- गा.वि.स.:-

योजनाको नामः-

वडा नं.:- स्थानः-

कार्यान्वयन गर्ने निकायको नामः-

निकायको प्रमुखको नामः-

सुपरिवेक्षण गर्ने प्राविधिकः-

योजनाको कूल लागत रु.:-

अनुदान रु.:- जनसहभागिता रू.:-

योजना प्रारम्भ मितिः- सम्पन्न हुने मितिः

### योजनाको भौतिक प्रगति विवरण

| विवरण | योजनामा गर्नु पर्ने कुल काम (भौतिक लक्ष्य) | यो महिनासम्मको भौतिक प्रगति | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

### योजनाको आम्दानी र खर्चको व्यवस्था

| योजनाको नाम | आम्दानी | | | | खर्च | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गा.वि.स. बाट | जनसह-भागिता बाट | अन्य | जम्मा | निर्माण सामग्री वापत | ज्याला बापत | पारिश्रमिक बापत | जनसह-भागिता बापत | बाँकी | अन्य | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कार्यान्वयमा देखिएका समस्याहरुः

समाधानका संभावित सुझावहरुः

............................... ...............................

सचिव वा कोषाध्यक्ष अध्यक्ष

*नोटः यो फाराम कार्यान्वयन गर्ने निकायले प्रत्येक महिना योजनाको भौतिक तथा खर्चको विवरण गा.वि.स.मा पठाउनु पर्नेछ ।*

## अनुसूची - ३

### गाउँ विकास समिति अनुदान कार्यक्रम

# चौमासिक/ वार्षिक प्रगति प्रतिवेदन फाराम

*(दफा ११.१ को खण्ड (ग) सँग सम्बन्धित)*

**आर्थिक वर्षः**

**जिल्लाः** **गा.वि.स.को नामः**

**प्रगति प्रतिवेदनः चौमासिक (प्रथम/ दोस्रो/ तेश्रो)/ वार्षिक**

### योजनाहरुको विवरण र भौतिक प्रगति

| योजनाको नाम | वडा नं. स्थान | योजनाको कूल लागत | | | शुरु भएको मिति | सम्पन्न हुने मिति | योजनाको कूल भौतिक काम (भौतिक लक्ष्य) | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान | जनसह-भागिता | जम्मा | | | | | |
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |

### योजनाहरुको आम्दानी र खर्चको व्यवस्था

| योजनाको नाम | आम्दानी | | | | खर्च | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गा.वि.स. वाट | जनसहभागिता बाट | अन्य | जम्मा | निर्माण सामग्री बापत | ज्याला बापत | पारिश्रमिक बापत | जनसहभागिता बापत | बाँकी | अन्य | |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**कार्यान्वयमा देखिएका समस्याहरुः**

**समाधानका संभावित सुझावहरुः**

**गा.वि.स.को राय / प्रतिक्रियाः**

...............................                ...............................

**गा.वि.स. सचिव**                **गा.वि.स. अध्यक्ष**

**नोटः** ***यो फाराम गा.वि.स.ले प्रत्येक चौमासिक र वार्षिक रुपमा योजनाको भौतिक तथा खर्चको विवरण जि.वि.स.मा पठाउनु पर्नेछ।***

## अनुसूची -४

### गाउं विकास समिति अनुदान कार्यक्रम

# मूल्यांकनका आधारहरु

| | | |
|---|---|---|
| १. | कार्यक्रम र वजेट तर्जुमा | १०० |
| | क. वस्तुगत विवरण (भिलेज प्रोफाईल) तयारी र अद्यावधिक गरेको | २० |
| | ख. प्रक्रियाको पालन | २० |
| | ग. समयमा तर्जुमा गरेको | २० |
| | घ. पिछडिएका वर्ग वा समुदायको रोजगारी तथा आय आर्जन हुने खालका योजनाहरुको अंश | २० |
| | ङ. दीगो र स्थायी हुने खालका योजनाहरुको अंश | २० |
| २. | कार्यान्वयन पक्ष | १०० |
| | क. प्रक्रियाको पालन | २० |
| | ख. समयमा कार्यान्वयन सम्पन्न गरेको | २० |
| | ग. स्थानीय साधन र जनसहभागिता परिचालनको अंश | २० |
| | घ. योजनाको लागत-प्रभावकारिता | २० |
| | ङ. जाँचपास र फरफारक | २० |
| ३. | अनुगमन, समीक्षा र प्रतिवेदन | १०० |
| | क. कार्यक्रमको स्थलगत अनुगमनको दर | २० |
| | ख. कार्यक्रमको समीक्षामा नियमितता | २० |
| | ग. प्रगति प्रतिवेदनको नियमितता | २० |
| | घ. प्रगति प्रतिवेदनको गुणस्तर | २० |
| | ङ. आयोजनाहरुको सूचनाको अद्यावधिकता | २० |
| ४. | संचालन र मर्मतसंभार पक्ष | १०० |
| | क. सम्पन्न आयोजनाको गुणस्तर | २० |
| | ख. सम्पन्न आयोजनाहरुमा उपभोक्ता समितिको स्वामित्वको अंश | २० |
| | ग. सुचारु संचालनको व्यवस्था | २० |
| | घ. मर्मत संभारको व्यवस्था | २० |
| | ङ. संचालन र मर्मत संभारमा स्थानीय सेवा-शुल्कको व्यवस्था (अंश) | २० |
| ५. | व्यवस्थापन पक्ष | १०० |
| | क. थप आन्तरिक स्रोत परिचालनको स्थिति | २० |
| | ख. कोषको स्रेस्ता, पेश्की, वेरुजु र लेखापरीक्षणको स्थिति | २० |
| | ग. प्रशासनिक मितव्ययीता | २० |
| | घ. वैठकको नियमितता | २० |
| | ङ. काम कार्यवाहिप्रति सर्वसाधारणमा पारदर्शीता | २० |

नोटः १. प्रत्येक उप-आधारहरुलाई अति राम्रो, राम्रो, सन्तोषजनक, नराम्रो वर्गमा राखी मूल्यांकन गर्नुपर्नेछ।
२. यी वर्गाहरुको अंक यस प्रकारको हुनेछः
*अति राम्रो–(१६-२०), राम्रो–(११-१५), सन्तोषजनक–(६-१०), नराम्रो–(०-५)*

# gu/kflnsf cg'bfg cGt/ut /sd vr{ ug]{ lgb]{lzsf - 2057

नगरपालिका अनुदान अन्तरगत निकासा भएको रकम खर्च गर्नु गराउनु पर्दा नगरपालिकाले देहायका निर्देशन पालना गर्नु पर्नेछ :-

## 1. प्रशासन अनुदान

नगरपालिका सचिव र श्री ५ को सरकारबाट खटिनु भएका अन्य कर्मचारीको तलव भत्ता र दमकल संचालन समेतको रकम प्रशासन अनुदान मा समावेश गरी निकासा गरिएको हुंदा सो बमोजिमको बजेट तयार गर्नु पर्नेछ ।

## 2. विकास अनुदान

आ.व.०५५।०५६ को आंकडामा आफ्नो श्रोतको आम्दानी  वार्षिक १ करोड भन्दा कम हुने  नगरपालिकालाई विकास अनुदान उपलब्ध गराइएकोछ । विकास अनुदान अन्तरगत न.पा. हरुबाट संचालन गरिने कार्यक्रमहरु नगर स्तरीय कार्यक्रम हुनेछन् । सो रकमबाट नगरपरिषद्ले स्वीकृत गरे बमोजिम नगरको विकास निर्माणको काम गर्नु गराउनु पर्नेछ । विकास अनुदानमा  भवन निर्माण समेतको रकम समावेश गरिएको छ । उक्त काममा बाहेक अन्य प्रशासनिक कार्यमा यो रकम खर्च गर्न पाइने छैन ।

## 3. फोहरमैला व्यवस्थापन

लैण्डफिल साइट नभएका नगरपालिका संग लागत सहभागिताको आधारमा जग्गा खरीद, विकास तथा व्यवस्थापन गर्नका लागि मंत्रालयमा रकम छुट्याईएको छ । यसरी राखिएको सो रकमबाट न.पा.ले कुल रकमको ३० देखि ५० प्रतिशत सम्म लागत व्यहोर्ने गरी मंत्रालयमा प्राविधिक प्रस्ताव पठाउनु पर्नेछ । यस्तो प्रस्ताव मंत्रालयमा मंसीर मसान्त भित्र प्राप्त भएको हुनुपर्ने छ । प्रस्ताव स्वीकृत भएमा नगरपालिकालाई अनुदान निकासा दिइनेछ ।

## 4. दमकल खरीद

जनसंख्या, जनघनत्व, उद्योग र सेवा पु-याउनु पर्ने क्षेत्रको अवस्था समेतका आधारमा संवन्धित न.पा.को लागत सहभागितामा दमकल खरीद गरी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको छ । तर दमकल प्राप्त गर्न चाहने नगरपालिकाले विधिवत् रुपमा मंत्रालयमा मांग गर्नु पर्नेछ ।

## 5. म्याचिङ फण्ड

नगर विकास कोष र गाउं नगर साझेदारी विकास कार्यक्रमबाट उपलब्ध ऋण अनुदान र नगर विकास प्रशिक्षण केन्द्र र अन्य मान्यता प्राप्त प्रशिक्षण संस्था मार्फत संचालन गरिएका मानव संसाधन विकासमा नगरपालिकाले व्यहोर्नु पर्ने म्याचिङ फण्डको अंश मंत्रालयले व्यहोरिआएको नीतिलाई निरन्तरता दिनका लागि मंत्रालयमा रकम राखिएकोछ । स्वीकृत नीतिको आधारमा न.पा.हरुलाई म्याचिङफण्ड उपलब्ध गराइनेछ । यस्तो प्रस्ताव मंत्रालयमा पुष मसान्त भित्र प्राप्त भइसकेको हुनु पर्नेछ ।

## 6. व्यवस्थित अभिलेख र सूचना प्रणाली

व्यवस्थित अभिलेख र सूचना प्रणाली स्थापना गरी सेवा तथा सुविधालाई भरपर्दो र चुस्त बनाउन एउटा उपमहानगरपालिकासंग लागत सहभागिताको नीति अवलम्वन गरी अनुदान निकासा दिने व्यवस्था गरिएको छ । नियमानुसार परिषद् तथा बोर्डको बैठकहरु संचालन गरी योजनावद्ध तरिकाले कार्यक्रम संचालन गर्ने र बजेट खर्च गर्न उपमहानगरपालिका भएको हुनुपर्नेछ । तर यस्तो प्रस्ताव पौष मसान्त सम्ममा प्राप्त भएको हुनु पर्नेछ ।

## 7. योजना तर्जुमाको कार्यविधि

नगर योजना तर्जुमा गर्ने विषयमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १११ ले मार्गदर्शन गरेकोछ । नियमावलीले तोकेको प्रक्रिया र समयावधि पालना हुने गरी योजना तर्जुमा गर्नु पर्नेछ । ऐन र नियमावली बमोजिम कम्तीमा ५ वर्षको लागि आवधिक योजना बनाई सोको आधारमा वार्षिक योजना बनाउनु पर्नेछ ।

## 8. सुपरिवेक्षण तथा अनुगमन समिति

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १३९(३) बमोजिम आयोजना सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी न.पा.द्वारा संचालित आयोजनाहरुको प्रत्येक महिना अनुगमन तथा सुपरिवेक्षण गराई प्रतिवेदन लिने व्यवस्था गरिएको हुनु पर्नेछ ।

## 9. प्रगति प्रतिवेदन

चौमासिक एवं वार्षिक प्रतिवेदन संवन्धित क्षेत्रीय निर्देशनालय, जिल्ला विकास समिति, मंत्रालयको नगरपालिका व्यवस्था शाखा र अनुगमन एवं मूल्यांकन शाखामा पठाउनु पर्नेछ ।

## 10. नगरपरिषद् नगरेमा अनुदान रोकिने

स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम नगर परिषद्को बैठक बसाली बजेट तथा कार्यक्रम पारित नगरेमा विकास अनुदान रोक्का हुनेछ । वर्षको अन्त्यमा पनि रकम निकासा हुन नसकेमा सो रोक्का रकम फ्रिज हुनेछ ।

## 11. पेश्की तथा वेरुजु फछ्र्यौटमा प्राथमिकता

दोश्रो चौमासिक निकासा लिंदा कम्तीमा १५% पेश्की र तेस्रो चौमासिक निकासा लिंदा कम्तीमा ३०% पेश्की फछ्र्यौट गरेको हुनु पर्ने र पेश्की सम्वन्धी जवाफ र विवरण समयमै दिनु पर्नेछ ।

## 12. सरसफाई उपकरण खरीद

न्यून आयश्रोत भएका केही न.पा.हरु संग लागत सहभागिता समेत प्राप्त गरी सरसफाईका साधन ट्र याक्टर टेलर, टिपर, सक्सन टैंकर खरीद गर्नका लागि मंत्रालयबाट रकम छुट्याइएको छ । न.पा.को मांग र औचित्यका आधारमा न.पा.लाई निकासा दिइनेछ ।

## 13. समीक्षा

ऐनको दफा २११ बमोजिम नगरस्तरीय आयोजनाको प्रगति समीक्षा प्रत्येक ३/ ३ महिनामा गरी सोको प्रतिवेदन संवन्धित क्षेत्रीय निर्देशनालय र मंत्रालयमा पठाउनु पर्नेछ ।

# lhNnf ljsf; ;ldlt cg'bfg lgb]{lzsf, 2057

1. **परिचयः** श्री ५ को सरकारबाट जिल्ला विकास समितिहरूलाई प्राप्त हुने बजेट खर्च गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ का सिद्धान्त तथा नीतिहरूअनुरूप योजनाहरूको तर्जुमा एवम् सञ्चालनका साथै जिम्मेवारी तथा अधिकारका सम्बन्धमा अवलम्वन गर्नुपर्ने परिपाटीको व्यवस्था मिलाउने उदेश्यले सोही ऐनको दफा २३६(२) अनुसार यो निर्देशिका तर्जुमा गरिएको छ ।

2. **उद्देश्यः** यस निर्देशिकाका उद्देश्यहरू निम्नानुसार छन्ः
   १. जिल्ला विकास समितिको संस्थागत क्षमता र दक्षता अभिवृद्धि गर्ने ।
   २. सामाजिक परिचालनका माध्यमबाट स्थानीय श्रम, स्रोत र साधनको सदुपयोग गरी स्थानीय जनताहरूलाई सुविधा प्रदान गर्ने ।
   ३. सहभागितामूलक योजना प्रक्रिया अवलम्वन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताहरूको परिपूर्ति गर्ने ।
   ४. जिल्ला विकास समितिको मानवीय संशाधन विकास गरी कार्यसम्पादन क्षमता अभिवृद्धि गर्ने ।
   ५. सम्पन्न आयोजनाहरूको मर्मतसंभार गरी विकासको प्रतिफललाई स्थानीय जनताले निरन्तररूपमा उपभोग गर्न सक्ने वातावरणको श्रृजना गर्ने ।

3. **जिल्ला विकास समितिको अनुदान कार्यक्रम सञ्चालनः** जिल्ला विकास समितिको अनुदान कार्यक्रम सञ्चालन प्रक्रिया निम्न बमोजिम हुनेछः-
   १. जिल्ला विकास समितिले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद-५ मा व्यवस्था भएअनुरूप आवधिक र वार्षिक योजना तर्जुमा गरी जिल्ला परिषद्बाट पारित भएअनुसार जिल्ला विकास कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
   २. सञ्चालन हुने योजनाहरूमा विशेषरूपले पिछडिएका जनजाति एवम् बढी गरिबी भएका क्षेत्रमा तथा महिला तथा बालबालिकाहरूको लागि सञ्चालन गरिने विकास कार्यक्रमहरू, मानव संशाधन विकास सम्बन्धी कार्यक्रमहरू समावेश भएको हुनुपर्नेछ ।

३. यसरी तर्जुमा भएका विकास कार्यक्रमहरू कार्ययोजना बनाई सञ्चालन गर्नुपर्नेछ ।

४. निकासा भएको रकम जुन उद्देश्य परिपूर्तिको लागि विनियोजन भएको सोही प्रयोजनमा मात्र खर्च गरिएको हुनुपर्नेछ ।

## 4. निकासा प्रक्रियाः

१. जिल्ला विकास समिति अनुदान चौमासिकरूपमा निकासा दिइनेछ ।

२. कार्यक्रम तथा बजेट स्वीकृति जिल्ला परिषद्बाट हुनुपर्ने भएकाले नियमानुसारको परिषद् नबस्ने वा परिषद्बाट कार्यक्रम र बजेट स्वीकृत नभएका जिल्ला विकास समितिहरूको विकास अनुदान रोक्का राखिनेछ ।

३. स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको व्यवस्था अनुसार जिल्ला विकास समितिले सञ्चालित कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन तथा समीक्षा र मूल्याङ्कन गर्नुपर्नेछ । नियमितरूपमा अनुगमन, समीक्षा नगर्ने र समयमा प्रतिवेदन मन्त्रालयमा नपठाउने जिल्ला विकास समितिहरूलाई विकास अनुदान रोक्का राख्न सकिनेछ ।

४. स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ अनुसार जिल्ला विकास समितिले आर्थिक अनुशासन कायम राख्नुपर्नेछ । समयमा पेस्की फछ्र्यौट नगर्ने, बेरुजु नियमित तथा फछ्र्यौट नगर्ने र आर्थिक अनुशासन कायम नगर्ने जिल्ला विकास समितिहरूलाई अनुदान (प्रशासन तथा विकास) रोक्का राख्न सकिनेछ ।

## 5. बजेट निकासा तथा खर्चको प्रक्रियाः

१. प्रथम चौमासिक निकासा माग गर्दा गत वर्ष भएको खर्चको विवरण र गत वर्षसम्मको सम्पूर्ण पेश्की विवरण पेश गर्नुपर्ने ।

२. दोस्रो चौमासिक निकासा माग गर्दा गत आर्थिक वर्षसम्मको कम्तिमा पन्ध्र प्रतिशत पेस्की फछ्र्यौट गरिसकेको हुनुपर्ने ।

३. तेस्रो चौमासिक निकासा माग गर्दा गत आर्थिक वर्षसम्मको कम्तिमा तीस प्रतिशत पेस्की फछ्र्यौट गरिसकेको हुनुपर्ने ।

४. निर्धारित समयभित्रै सम्बन्धित निकायहरूमा बेरुजुको प्रतिक्रिया पठाइसकेको हुनुपर्ने ।

५. जिल्ला विकास समिति अनुदान अन्तर्गत स्वीकृत बजेट परिधिभित्र रही खर्च गर्ने र विकास अनुदान र प्रशासन अनुदान उपशिर्षकअनुसार विनियोजन भएको रकम सोही शिर्षकअन्तर्गतका कार्यक्रमहरूमा मात्र खर्च गर्नुपर्नेछ ।

६. प्रशासन अनुदानका कर्मचारीहरूको तलव भत्ता तथा नियमानुसारका अन्य सुविधाहरू भुक्तानी गर्दा परिषद्बाट पारित भएअनुसारका शिर्षकहरूबाट गर्नुपर्नेछ ।

७. विकास अनुदानअन्तर्गतको जिल्ला सडक कार्यक्रमको उपशिर्षकबाट खर्च गर्दा पुराना तथा अधुरा योजनाहरू सम्पन्न नभएसम्म नयाँ योजनाहरू सुरुवात गर्न पाइने छैन ।

८. स्थानीय निकायका जनप्रतिनिधिहरूले विकासनिर्माण कार्यको लागि पेस्कि रकम लिन पाउने छैनन् । अन्य पेस्कीहरू पनि साविकको पेस्की फछ्र्यौट नगरी थप पेस्की पुनः दिइने छैन ।

९. आर्थिक कारोबार गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ लाई ध्यान दिनुपर्नेछ ।

१०. विकास कार्यक्रममा ढिलाई हुन नदिन ठेक्कापट्टा गर्नुपर्ने आयोजनाहरू आर्थिक वर्षको पहिलो चौमासिक भित्रै डिजाइन, इष्टमेट तयार गरी विनियोजित बजेटको अधिनमा रही टेण्डर सम्झौता सम्बन्धी कार्यहरू सम्पन्न गरी कम्तिमा दोस्रो चौमासिकदेखि आयोजना कार्यान्वयन गर्न सकिने व्यवस्था मिलाउनुपर्नेछ ।

११. आर्थिक वर्षको अन्तिम महिनामा विनियोजित रकमको अधिकांश रकम निकासा लिई खर्च गर्ने, अनावश्यक पेस्कि लिने/दिने, रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने, स्रोतान्तर जस्ता कार्यहरू नगर्ने । कार्यक्रमअनुसार निकासाको समयतालिका तयार गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दुई महिनाभित्रै उपलब्ध गराउनुपर्नेछ ।

१२. केन्द्रबाट एकमुष्टरूपमा निकासा हुने रकम परिष्दको निर्णय अनुसार मात्र खर्च गर्नुपर्नेछ ।

१३. निर्दिष्ट स्थान र कार्यक्रमको लागि केन्द्रबाट गएको बजेट तथा कार्यक्रम सोही काममा मात्र खर्च गर्नुपर्नेछ ।

१४. अनावश्यक रूपमा दरबन्दी श्रृजना गरी प्रशासनिक व्ययभार बढाउने कार्यलाई निरूत्साहित गर्ने र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावलीमा भएको व्यवस्थाका अधिनमा रही प्रशासनिक खर्च गर्नुपर्नेछ ।

१५. न्यूनतम एकमुष्ट विकास अनुदान शिर्षकबाट विदेशी दातृसंस्थाको सहयोगमा सञ्चालित योजनाहरूको लागि साझेदारीस्वरूप रकम विनियोजन गर्न सकिनेछ ।

१६. मानव संशाधन विकासको लागि तालिम, क्षमता अभिवृद्धि र गोष्ठिको लागि पनि न्यूनतम एकमुष्ट विकास अनुदान शिर्षकबाट खर्च गर्न सकिनेछ ।

१७. गाउँ विकास समिति तथा गैरसरकारी संस्थाबाट प्राप्त प्रस्तावअनुसारका कार्यक्रमहरू सञ्चालनका लागि जिल्ला विकास समितिबाट आवश्यक बजेट व्यवस्था गर्न सकिनेछ ।

| | | | |
|---|---|---|---|
| 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | 32 |
| 1 | 2 | 3 | 4 |
| 5 | 6 | 7 | 8 |
| 9 | 10 | 11 | 12 |
| 13 | 14 | 15 | 16 |
| 17 | 18 | 19 | 20 |
| 21 | 22 | 23 | 24 |
| 25 | 26 | 27 | 28 |
| 29 | 30 | 31 | 32 |